नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४२६

मितिः२०८३/०३/२६

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै ।

विषयः श्रावण, भाद्र र आश्विन महिना डेंगी सचेतना तीन महिने अभियान सञ्चालन सम्वन्धमा ।

प्रस्तुत विषयमा डेंगी रोगको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहको नेत्रृत्वमा सम्वन्धित वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था, सामुदायिक संस्था तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी विभिन्न क्रियाकलाप मार्फत डेंगी सचेतना तीन महिने अभियान सञ्चालन गर्न स्थानीय तहलाई अनुरोध गर्ने व्यहोरा उल्लेख भएको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको प.सं.२०८२/८३ च.नं.८६७ मिति २०८३/३/२५ को पत्र यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थः

श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय,सिंहदरवार काठमाडौं ।

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिनुहुन ।

प्रकाश पन्थी

शाखा अधिकृत

सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
(प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा)

फोन नं. ४२६२५५०
४२६२८०२
४२६२७०६
४२६२८३५
४२६२८६२
४२२३५८०

सिंहदरबार,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०८२/८३
चलानी नं. :- ८६७

मिति : २०८३/०३/२५

विषय :- "श्रावण, भाद्र र आश्विन महिनाः डेंगी सचेतना तीन महिने अभियान सञ्चालन सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

उपरोक्त सम्बन्धमा यस मन्त्रालयको निर्णयानुसार आर्थिक वर्ष २०८२/८३ मा "श्रावण, भाद्र र आश्विन महिनाः डेंगी सचेतना तीन महिने अभियान" देशव्यापी रूपमा सञ्चालन गरिएको बेहोरा स्मरण गराउँदै, उक्त अभियानबाट डेंगी रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेतनामा अभिवृद्धि हुनुका साथै समुदायको सक्रिय सहभागितामार्फत डेंगी संक्रमण न्यूनीकरणमा सकारात्मक प्रभाव परेको सन्दर्भमा आगामी आर्थिक वर्ष (२०८३/८४) मा पनि अभियानलाई निरन्तरता दिन, डेंगी रोगको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहको नेतृत्वमा सम्बन्धित वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था, सामुदायिक संस्था तथा अन्य सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी देहाय बमोजिमका क्रियाकलापहरू प्रभावकारी रूपमा सञ्चालन गर्न ७५३ वटै स्थानीय तहहरूमा पत्राचार तथा समन्वय गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. २०८३ साल श्रावण, भाद्र र आश्विन महिनाभरि सञ्चालन हुने डेंगी सचेतना तीन महिने अभियान अन्तर्गत प्रत्येक हप्ता "हरेक शुक्रबार, सफा शुक्रबार" अभियान संचालन गरी सबै सार्वजनिक निकाय, कार्यालय, विद्यालय तथा सामुदायिक संस्थाहरूमा लामखुट्टेको प्रजनन स्थल तथा वासस्थानको खोजी तथा नष्ट गर्ने/गराउने।
२. स्थानीय तहहरूले वडा कार्यालय, टोल विकास संस्था, नागरिक समाज तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी प्रत्येक हप्ता कम्तीमा एक दिन समुदायको सक्रिय सहभागितामा "लामखुट्टेको प्रजनन स्थल तथा वासस्थान खोज तथा नष्ट अभियान" सञ्चालन गरी निरन्तरता दिने।
३. डेंगी रोकथाम तथा नियन्त्रणका लागि बहुनिकाय समन्वय सुदृढ गर्न स्वास्थ्य तथा गैर-स्वास्थ्य क्षेत्रका सम्बन्धित सरोकारवाला निकाय तथा तिनका सञ्जालसँग नियमित समन्वय र अन्तरक्रिया गर्ने तथा आवश्यकता अनुसार परिचालन गर्ने व्यवस्था मिलाउने।
४. प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र रहेका अटो वर्कशप/ग्यारेज, कबाडी सामान व्यवस्थापन स्थल, निर्माणाधीन भवन तथा पानी जम्ने सम्भावना भएका अन्य स्थानहरूको नियमित अनुगमन गर्ने र जमेको पानीको निकास तथा व्यवस्थापनका लागि आवश्यक पहल गर्ने।

नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

(प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा)

फोन नं.

प्राप्त पत्र संख्या :-

पत्र संख्या :- ०८२/८३

चलानी नं. :- ८६७

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सिंहदरबार, काठमाडौं

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति : ..................

विषय :-

५. प्रत्येक वडामा पोस्टर, ब्यानर, समूह छलफल, अभिमुखीकरण तथा अन्य स्थानीय तवरको उपयुक्त माध्यममार्फत डेंगीको जोखिम, रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

६. लामखुट्टेको प्रजनन स्थल तथा लार्भा खोज तथा नष्ट गर्ने विधि लगायत डेंगी सम्बन्धी स्वास्थ्य शिक्षा तथा सूचना सामग्रीहरूको वितरण तथा व्यापक प्रचार-प्रसार गर्ने।

७. राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रबाट विभिन्न स्थानीय भाषामा तयार गरिएका रेडियो जिङ्गल तथा अन्य सन्देशहरू स्थानीय एफ.एम. तथा रेडियो सञ्जालमार्फत नियमित रूपमा प्रसारण गर्ने व्यवस्था मिलाउने।

८. स्वास्थ्य आमा समूह, युवा क्लब, शिक्षक, स्वयंसेवक, विश्वविद्यालय तथा कलेज स्तरका विद्यार्थी सञ्जाल लगायत समुदायका युवा समूहहरूलाई "खोज तथा नष्ट" अभियानसहित डेंगी नियन्त्रणका गतिविधिहरूमा सक्रिय रूपमा सहभागी गराउने तथा सामुदायिक स्वयंसेवकका रूपमा परिचालन गर्न अभिमुखीकरण र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

९. डेंगी सम्बन्धी व्यवहार परिवर्तन ल्याउने उद्देश्यले विद्यालय तथा शैक्षिक संस्थामार्फत सचेतना कार्यक्रम सञ्चालन गर्ने, जस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरू सञ्चालन गर्ने:
   - साथी शिक्षा कार्यक्रम।
   - विद्यालय सरसफाइ अभियान।
   - विद्यालय स्वास्थ्य निरीक्षण टोली गठन गरी नियमित सरसफाइको अवस्था अनुगमन गर्ने/गराउने।
   - वक्तृत्वकला, हाजिरीजवाफ, चित्रकला प्रतियोगिता आदि।

१०. होटल, उद्योग तथा निजी व्यवसायीका छाता संगठनहरूसँग सहकार्य गरी ती संस्थाहरू मार्फत डिजिटल बोर्ड तथा अन्य माध्यमहरूद्वारा डेंगी सम्बन्धी जनचेतना फैलाउन आह्वान तथा सहकार्य गर्ने।

११. समुदायमा डेंगीका शंकास्पद बिरामी (ज्वरोसँगै शरीरको कुनै पनि भागमा बिमिराहरू देखिने, वा शरीर वा जोर्नी दुख्ने, टाउको दुख्ने वा आँखाको वरिपरि दुख्ने, वाकवाकी लाग्ने वा बान्ता हुने लक्षणहरू) देखिएमा नजिकको स्वास्थ्य संस्था वा हेल्लो स्वास्थ्यको निःशुल्क नम्बर ११९५ मा जानकारी दिन समुदायलाई सुसूचित गराउने।

२०८२।३।२५

खुम बहादुर घर्ती

शाखा अधिकृत